# सीमान्तकृत छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र स्नातकोत्तर तह (एम्.एड्.)

दोस्रो वर्ष शैक्षिक योजना तथा व्यवस्थापन विषयको

आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधार्थी**

हिमप्रसाद दहाल

क्याम्पस रोल नं. १०२

परीक्षा रोल नं. २१४००५९

त्रि.वि.द.नं. २१६५-८८

शैक्षिक वर्ष २०६३/०६५

**प्रस्तुत**

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

माघ, २०६८

# कृतज्ञता ज्ञापन

**सीमान्तकृत छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभाव** शीर्षकको शोधपत्र त्रिभ्‌वन विश्व विद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत  शिक्षा योजना तथा व्यवस्थापन मूल विषय लिई अध्ययनरत स्नातकोत्तर तह दोस्रो वर्षको आवश्यकता पूरा गर्ने प्रयोजनको लागि तयार पारिएको हो ।

यस शोधपत्रको शीर्षक छनौट देखि शोध लेखनकार्य पुरा गर्ने समयसम्म आवश्यक सल्लाह सुझाव परामर्श दिनुहुने सुकुना वहुमुखी क्याम्पसका शोध निर्देशक श्री अशोक वस्नेत, क्याम्पस पमुख श्री पीतकुमार श्रेष्ठ, शैक्षिक योजना तथा व्यवस्थापन विभागका प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अध्ययनका क्रममा आवश्यक पर्ने सूचना, तथ्याङ्क तथा जानकारी प्रदान गर्नुहुने तोपगाछी स्रोत केन्द्रका स्रोतव्यक्ति, विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू, अभिभावकहरू तथा विद्यार्थीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययनका क्रममा प्रत्यक्ष र परोक्षरुपमा सहयोग पुऱ्याउने मेरा सहपाठी मित्रहरू ओमप्रकाश क्षेत्री र मधुसुदन अधिकारीलाई धन्यवाद दिन चाहन्छु ।

अध्ययन कार्यमा लाग्न सधैंभरी प्रेरित गरिरहने मेरा घरपरिवारका सदस्यहरूप्रति आभार व्यक्त गर्न चाहन्छु र अन्त्यमा शोधपत्रलाई समयमै टंकणगरी सहयोग पुऱ्याउने भीम तिम्सिनालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

हिमप्रसाद दहाल

शोधकर्ता

मिति : २०६८/ १०/२५

# शोधसार

*सीमान्तकृत छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभाव* शीर्षकमा तयार पारिएको शोधपत्रको मख्य उद्देश्य सीमान्तकृत छात्रवृत्तिले सिकाई उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्ने रहेको छ ।

यो अध्ययन परिमाणात्मक र गुणात्मक दुवै अनुसन्धान विधिमा आधारित छ । यस अध्ययनमा सामान्य सम्भावनायुक्त नमूना छनौट विधिको प्रयोग गरी ६ वटा सामुदायिक विद्यालयहरुको छनौट गरिएको छ । उद्देश्यमूलक नमूना छनौट विधिको प्रयोग गरी स्रोतकेन्द्रका स्रोतव्यक्ति एक जना, सम्वन्धित विद्यालयका प्रधानाध्यापकहरु ६ जनालाई छनौट गरिएको छ । त्यसैगरी सामान्य सम्भावनायुक्त नमूना छनौट विधिको प्रयोग गरी प्रत्येक विद्यालयवाट २/२ जनाका दरले १२ जना शिक्षकहरु, र सीमान्तकृत समुदायका विद्यार्थीहरु मध्ये प्रत्येक विद्यालयवाट ३/३ जनाका दरले १८ जना विद्यार्थी र तिनका अभिभावक १८ जनालाई छनौट गरिएको छ । नमूना छनौटमा परेका व्यक्तिहरुसँग अन्तर्वार्ता सूची, अन्तर्क्रिया, विद्यालय सर्वेक्षण फारम प्रश्नावली तथा दस्तावेज पुनरावलोकन जस्ता तथ्याङ्क संकलनका साधनहरुको प्रयोग गरिएको छ । अध्ययनमा प्राथमिक स्रोतको रुपमा प्रश्नावली, अन्तर्वार्ता तथा छलफलका माध्यमवाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई लिइएको छ भने सहायक स्रोतको रुपमा विद्यालयको अभिलेखलाई लिइएको छ ।

यस क्षेत्रमा सतार, माझी र मुसहर समुदायका सीमान्तकृत जातिहरु रहेको पाइयो । केहि वर्ष अगाडिसम्म यस समूदायका अधिकांश वालवालिकाहरु विद्यालयमा अध्ययन गर्न नजाने गरेता पनि वर्तमानमा भने सीमान्तकृत जातिका वालवालिकाहरुको विद्यालयमा भर्नाहुने दर वढ्दै गइरहेको पाइयो । सीमान्तकृत वालवालिकाहरुको वितरण पनि असमान रहेको पाइयो । विद्यालयमा भर्ना भएका मध्ये औषतमा १९ प्रतिशत विद्यार्थीहरु सीमान्तकृत समुदायका रहेको पाइयो । विद्यालयहरुमा सीमान्तकृत समुदायका १३ देखि २५ प्रतिशतसम्म विद्याथीहरु रहेको पाइयो । सीमान्तकृत छात्रवृत्ति वितरण तथा कार्यान्वयनमा विभिन्न प्रकारका समस्याहरु देखापरेको पाइयो । केहि विद्यालयहरुले शैक्षिक सत्रको मध्यतिर मात्र सीमान्तकृत छात्रवृत्ति वितरण गरेको पाइयो । त्यसैगरी वितरण गरिएको छात्रवृत्ति केहि मात्रामा भने उद्देश्य अनुसार खर्च नभएको पाइयो । अधिकांशले सो रकमको सदुपयोग

गरेको पाइयो । केहि अभिभावकहरुले दोहोरो छात्रवृत्ति लिनका लागि वालवालिकाहरुलाई एकभन्दा वढि विद्यालयमा भर्ना गरेको पाइयो । जातिगत आधारमा छात्रवृत्ति वितरण गर्दा स्वत छात्रवृत्ति नपाउने गरिव परिवारका वालवालिकाहरुमा मनोवैज्ञानिक असर परेको पाइयो । छात्रवृत्ति वापतको रकम कम भएकाले आवश्यक शैक्षिक सामग्रीहरु खरिदगर्न पनि नपुग्ने गरेको पाइयो । छात्रवृत्ति रकम उपयुक्त समयमा वितरण गरे नगरेको, सो रकमको उद्देश्य अनुसार खर्च भए नभएको, सम्वन्धित व्यक्तिले पाए नपाएको वारेमा निरिक्षण तथा अनुगमन गर्ने नगरेको पाइयो ।

छात्रवृत्ति शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गर्नुपर्छ । छात्रवृत्ति वापत प्राप्तहुने रकम वालवालिकाको पठनपाठनसँग सम्वन्धित सामग्री खरिदगर्न मात्र खर्च गरिनुपर्छ । शिक्षा मन्त्रालयले हाल प्रदान गर्दै आएको छात्रवृत्ति वापतको रकमलाई कम्तिमा पनि दोव्वर वनाउनु पर्छ । दोहोरो भर्ना प्रक्रियाको अन्त्य गर्नका लागि नजिकका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको विवरण दाँजेरमात्र छात्रवृत्ति प्रदाग गर्नसकेमा रकम दुरुपयोगलाई रोक्न सकिन्छ । यसका अतिरिक्त नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्नसकेमा कार्यक्रम प्रभावकारी हुन्छ ।

# विषय सूची

पेज नं.


| | |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता पत्र | iii |
| शोधसार | iv |
| विषय सूची | vi |
| तालिका सूची | ix |
| संक्षिप्त शव्दको पूरारुप | x |

परिच्छेद एक : परिचय १-५

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको औचित्य | ३ |
| १.४ | अध्ययनको उद्देश्य | ४ |
| १.५ | अनुसन्धानात्मक प्रश्न | ४ |
| १.६ | अध्ययनको परिसीमा | ५ |
| १.७ | सम्वन्धित शब्दावलीको परिभाषा | ५ |

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका ६-१२

| | | |
|---|---|---|
| २.१ | सम्वन्धित साहित्यको पुनरावलोकन | ६ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १० |

२.३ पुनरावलोकनको उपादेयता ११

परिच्छेद तीन : अध्ययन विधि १३-१७

३.१ अनुसन्धानात्मक ढाँचा १३

३.२ तथ्याङ्क संकलन प्रक्रिया १३

३.२.१ अध्ययनको जनसख्या १३

३.२.२ नमुनाको आकार १४

३.२.३ नमुना छनौट विधि १४

३.२.४ नमुना छनौटको आधार १४

३.३ तथ्याङ्क संकलनका साधनहरु १४

३.३.१ अन्तर्वार्ता सूची १५

३.३.२ प्रश्नावली १५

३.३.३ अन्तर्क्रिया १५

३.३.४ दस्तावेज पुनरावलोकन १६

३.४ तथ्याङ्कका स्रोतहरु १६

३.५ तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रिया १७

परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण १८-५०

४.१ सीमान्तकृत छात्रवृत्ति वितरणको अवस्था १८

४.१.१ छात्रवृत्ति वितरण गर्ने तरिका १८

४.१.२ सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु १९

४.१.३ सीमान्तकृत छात्रवृत्ति रकमको प्रयोग २०

४.१.४ छात्रवृत्ति रकमको पर्याप्तता २३

४.२ सीमान्तकृत छात्रवृत्तिले सिकाई उपलब्धिमा पारेको प्रभावका क्षेत्रहरु २५

४.२.१ सीमान्तकृत छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीहरुको कक्षागत सिकाइ उपलव्धी २५

४.२.२ सीमान्तकृत छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको कक्षा नियमितता ३५

४.२.३ कक्षा दोहोऱ्याउने दर ३७

४.२.४ सीमान्तकृत छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थीहरुका व्यवहारिक परिवर्तन ४०

४.३. सीमान्तकृत छात्रवृत्ति कार्यक्रमका समस्याहरु ४३

४.४ सीमान्तकृत छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी वनाउने उपायहरु ४८

परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु ५१-५५

५.१ प्राप्ति ५१

५.२ निष्कर्ष ५३

५.३ सुझावहरु ५४

सन्दर्भ सामग्री i

अनुसूचीहरु iii-xiv

# तालिका सूची


| ता.नं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | प्रा.वि.तहमा सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण | १९ |
| २ | छात्रवृत्ति रकम उपयोग गरिएका क्षेत्रहरु | २१ |
| ३ | छात्रवृत्ति रकमको पर्याप्तता | २३ |
| ४ | छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धि | २६ |
| ५ | श्री कञ्चनजंघा नि.मा.वि.मा कक्षा १-५सम्म अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धि | २७ |
| ६ | श्री मोती उ.मा.वि.मा कक्षा १-५ सम्म अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धि | २८ |
| ७ | श्री लक्ष्मी नारायण उ.मा.वि.मा कक्षा १-५सम्म अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धि | ३० |
| ८ | श्री सिद्धदेवि प्रा.वि.मा कक्षा १-५सम्म अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धि | ३१ |
| ९ | श्री मङ्गलमय उ.मा.वि.मा कक्षा १-५ सम्म अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धि | ३३ |
| १० | सीमान्तकृत वालवालिकाहरुको छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको कक्षा ४ र ५ को सिकाइ उपलब्धि | ३४ |
| ११ | सीमान्तकृत समूदायका वालवालिकाहरुको विद्यालयमा उपस्थिती | ३६ |
| १२ | प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको विवरण | ३८ |
| १३ | सीमान्तकृत छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थीहरुमा देखापरेका व्यवहारिक परिवर्तन | ४१ |
| १४ | सीमान्तकृत छात्रवृत्ति कार्यक्रमका समस्याहरु | ४४ |
| १५ | सीमान्तकृत छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु | ४८ |

# संक्षिप्त शव्दको पूरारुप

| संक्षिप्त शव्द | पुरारुप |
|---|---|
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| प्र.अ. | प्रधानाध्यापक |
| वि.नि. | विद्यालय निरिक्षक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| OLPC | One Laptop Per Child |